आज मिती २०८२।१०।२० गते ब्रह्मपुरी गाउँपालिकाको गाउँसभाको सभा अध्यक्ष श्री राम पदारथ साह तेली ज्युको अध्यक्षतामा बसेको गाउँसभाको १९ औ अधिवेशन बैठकमा निम्न अनुसारको उपस्थिती भइ निम्न बमोजिमको निर्णय गरियो।

| | |
|---|---|
| श्री राम पदारथ साह तेली | सभा अध्यक्ष |
| श्री श्यामकला यादव | सभा सदस्य |
| श्री निरन्जन प्रसाद कलवार | सभा सदस्य |
| श्री शंकर साह | सभा सदस्य |
| श्री गौतम कुमार यादव | सभा सदस्य |
| श्री श्याम बाबु साह | सभा सदस्य |
| श्री नबिन कुमार यादव | सभा सदस्य |
| श्री हिरेन्द्र कुमार यादव | सभा सदस्य |
| श्री राम सागर महतो कोइरी | सभा सदस्य |
| श्री बिना कुमारी देवी | सभा सदस्य |
| श्री पल्टु माजि | सभा सदस्य |
| श्री रेखा कुमारी महतो | सभा सदस्य |
| श्री दशरथ साह कानू | सभा सदस्य |
| श्री शिव दुलारी देवी | सभा सदस्य |
| श्री शान्ती देवि | सभा सदस्य |
| श्री कमल हुसेन | सभा सदस्य |
| श्री देव चन्द्र राय यादव | सभा सदस्य |
| श्री कासिम हुसेन | सभा सदस्य |
| श्री विनोद महतो सुडी | सभा सदस्य |
| श्री कमरुल खातुन | सभा सदस्य |
| श्री मुकेश राउत | सभा सदस्य |
| श्री सिताराम साह | सभा सदस्य |
| श्री जयकला कुमारी | सभा सदस्य |
| श्री मनटुटिया देवी धोबिन | सभा सद... |
| श्री [illegible] | सभा सदस्य |

| | |
|---|---|
| श्री राम बाबु महतो कोइरी | सभा सदस्य |
| श्री सुमित्रा देवी कानु | सभा सदस्य |
| श्री मनेश्वरी देवी | सभा सदस्य |
| श्री चुल्हाइ पासवान | सभा सदस्य |
| श्री रमेश दास तत्मा | सभा सदस्य |
| श्री जयकुमारी देवी | सभा सदस्य |
| श्री मैना देवी | सभा सदस्य |
| श्री तपेश्वर महतो | सभा सदस्य |
| श्री नरेन्द्र राय | सभा सदस्य |
| श्री कमली देवी महरा | सभा सदस्य |
| श्री फुलो देवी | सभा सदस्य |
| श्री जितेन्द्र महतो | सभा सदस्य |
| श्री दिपलाल महतो | सभा सदस्य |
| श्री तेतरी देवि | सभा सदस्य |
| श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

**प्रस्तावना नं. १ : आ.व. २०८१।०८२ योजना तथा कार्यक्रमहरुको रकम रकमान्तर तथा संशोधन र नयाँ योजना तथा कार्यक्रम थप गर्ने सम्बन्धमा।**

निर्णय नं. १ :प्रस्तावना नं. १ माथि छलफल गर्दा आ.व. २०८१।०८२ मा गाउँसभाबाट स्विकृत तपशिल बमोजिमको योजना तथा कार्यक्रमहरुको रकम कट्टा गरि नयाँ योजना तथा कार्यक्रम राख्ने निर्णय सर्वसहमतिले गरियो:

| क्र.स. | थप्नु पर्ने योजना तथा कार्यक्रमहरु | राख्नु पर्ने स्थान | रकम रु | कट्टा गर्नुपर्ने योजना तथा कार्यक्रमहरु | रहेको स्थान | रकम रु |
|---|---|---|---|---|---|---|
| १ | धर्मपुर टोलको अधुरो राम जानकी मन्दिर निर्माण | गा.पा. स्तरीय | १००००००।०० | वडा नं १ र २ मा विपन्न वस्ती निर्माण<br>श्रोतः संघीय सामानिकरण | गा.पा. स्तरिय | २००००००।०० |
| २ | स्यालो ट्युवले खरिद तथा वितरण वडा नं १ देखि ७ सम्म | गा.पा. स्तरिय | १००००००।०० | | | |
| ३ | शिवन फुनिया मा.वि. मा रहेको अधुरो सरस्वती मन्दिर निर्माण | गा.पा. स्तरीय | ८०००००।०० | संघ सरकार र प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट प्राप्त अनुदानको म्याचिङ्ग फण्ड वापतको रकम<br>श्रोतः संघीय सामानिकरण | गा.पा. स्तरिय | ४००००००।०० |
| ४ | आवधिक योजना निर्माण | गा.पा. स्तरीय | ५०००००।०० | | | |
| ५ | वडा नं ६ पिपरामा सार्वजनिक शौचालय निर्माण | वडा नं ६ | १००००००।०० | | | |
| ६ | वडा नं. ४ को स्वास्थ्य चौकीमा कम्पाउन्ड संरक्षण कार्य | | १०००००।०० | | | |
| ७ | महदेवा पोखरीको उत्खन्न तथा घेरा बेरा कार्य | गा.पा. स्तरीय | ८०००००।०० | | | |
| ८ | घर बत्ती जडान तथा तारपोल मर्मत कार्य | गा. पा. स्तरीय | २०००००।०० | | | |
| ९ | गाउँपालिका भरिको समरशियल पम्प मर्मत कार्य | गा.पा. स्तरिय | ४०००००।०० | | | |
| १० | गाउँपालिकाको डकुमेन्ट्री निर्माण | गा.पा. स्तरिय | २०००००।०० | | | |
| ११ | कृषिको लागि समरसियल मोटर वितरण वडा नं १ देखि ७ सम्म | गा.पा. स्तरिय | १००००००।०० | कृषिको लागि जडान ट्रान्सफरमरमा लाग्ने सम्पुर्ण खर्च तथा सो ट्रान्सफरमा रहेको मिटरमा लाग्ने विधुत महसुल<br>श्रोतः संघीय सामानिकरण | गा.पा. स्तरिय | १६५००००।०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रममा साझेदारी रकम | गा.पा. स्तरिय | ६५००००।०० | | | |

प्रस्तावना नं. २ : योजनाको नाम संशोधन गर्ने सम्बन्धमा।

निर्णय नं. २: प्रस्तावना नं. २ माथि छलफल गर्दा आ.व. २०८१।०८२ मा तपशिल बमोजिमको योजना तथा कार्यक्रमको नाम परिवर्तन गर्ने निर्णय सर्वसहमतिले पारित गर्ने निर्णय गरियोः

तपशिलः

१। बजन छात्राबास निर्माण ब्रह्मपुरी वडा नं. १ को नाम परिवर्तन गरि भजन छात्राबास निर्माण ब्रह्मपुरी वडा नं. १ राखे

२। न्यायमा पहुँचको लागि सबै वडामा जनचेतना कार्यक्रमको नाम परिवर्तन गरी न्यायमा पहुँचको लागि ४ वटा मा.वि.मा जनचेतनामुलक कार्यक्रम राखे

३। गा पा स्तरिय रहेको योजना घर बत्तीको लागि तारपोलको नाम संशोधन गरी घर बत्ती जडान तथा तारपोल मर्मत कार्य नाम राखे

प्रस्तावना नं. ३ : छुट नागरिक लागनी कोष तथा बिमा सम्बन्धमा।

निर्णय नं. ३ : प्रस्तावना नं. ३ माथि छलफल गर्दा आ.व. २०७९/०८० र २०८१/०८२ मा छुट भएको नागरिक लागनी कोष कट्टा गरी राखेको तर पठाउन नसकेको रकम रु एक लाख पचास हजार चालु आ.ब. २०८२/०८३ को कार्यक्रम संघ र प्रदेश लाइ फिर्ता गर्न बाँकी रकम बाट कट्टा गरी सम्बन्धीत कर्मचारीको ना.ला.कोष नम्बरमा जम्मा गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ : ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ पारित सम्बन्धमा ।

निर्णय नं ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा विधायन समितिबाट मिति २०८२।०९।०६ गते र कार्यपालिकाको मिति २०८२।०९।१५ गतेको निर्णय अनुसार सभामा पारितको लागि पेश भएको यस ब्रह्मपुरी गाउँपालिकाको ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ५ : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०८२ पारित सम्बन्धमा ।

निर्णय नं ५ : प्रस्ताव नं ५ माथि छलफल गर्दा विधायन समितिबाट मिति २०८२।०९।०६ गते र कार्यपालिकाको मिति २०८२।०९।१५ गतेको निर्णय अनुसार सभामा पारितको लागि पेश भएको यस ब्रह्मपुरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८२ सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ६ : ब्रह्मपुरी गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यविधि २०८२ पारित सम्बन्धमा ।

निर्णय नं ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा विधायन समितिबाट मिति २०८२।०९।०६ गते र कार्यपालिकाको मिति २०८२।०९।१५ गतेको निर्णय अनुसार सभामा पारितको लागि पेश भएको यस ब्रह्मपुरी गाउँपालिकाको ब्रह्मपुरी गाउँपालिकाको बेरुजु फर्छ्यौट कार्यविधि, २०८२ सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ७ : ब्रह्मपुरी गाउँपालिकाको सभा सञ्चालन कार्यविधि, २०८२ पारित सम्बन्धमा ।

निर्णय नं ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा विधायन समितिबाट मिति २०८२।०९।०६ गते र कार्यपालिकाको मिति २०८२।०९।१५ गतेको निर्णय अनुसार सभामा पारितको लागि पेश भएको यस ब्रह्मपुरी गाउँपालिकाको ब्रह्मपुरी गाउँपालिकाको सभा सञ्चालन कार्यविधि, २०८२ सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं ८ : कार्यपालिकाको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय नं ८ : प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को आजको मिति सम्म भएको सम्पुर्ण गाउँ कार्यपालिकाको निर्णय यस गाउँपालिका र गाउँपालिकाको सम्पुर्ण जनताहरुको हितको निम्ति कानुन सम्वत रहेको हुनाले सम्पुर्ण गाउँ कार्यपालिकाको निर्णयहरुलाई यसै गाउँ सभाको विशेष अधिवेशनबाट सर्वसमहम्मतिले अनुमोदन गरी पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ९ : लेखा समिति गठन सम्बन्धमा ।**

निर्णय नं ९ : प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको लेखा समितिमा देहाय बमोजिमको संयोजक तथा सदस्य रहने निर्णय सर्वसम्मतिले पारित गरियो ।

सियाराम साह – संयोजक

नरेन्द्र राय – सदस्य

सुमित्रा देवी कानु – सदस्य

काशिम हुसेन – सदस्य

मनोज कुमार साह – सदस्य सचिव

प्रस्ताव नं. १० : करारमा रहेका कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको करार कर्मचारी म्याद सम्बन्धी विभीन्न मितिको पत्र तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागी करार सम्झौता सम्बन्धी मापदण्ड २०७८" अनुसार करार सम्झौता निरन्तर गर्नुपर्ने अति आवश्यक देखिएकोले यस ब्रह्मपुरी गाँउपालिका,वडा कार्यालय, स्वास्थ्य संस्थाका करार सेवामा कार्यरत कर्मचारी तथा स्वयम सेवक शिक्षकहरुको मिति २०८२।०९।३० गते (पौष मसान्त) मा म्याद समाप्त भएको एवमं निजहरुको कार्यसम्पादन मूल्याङ्कन तथा कामकाज सन्तोषजनक रहेको तथा कार्यालयको सेवा प्रवाहमा प्रभाव तथा कर्मचारीहरुको अभावको कारण कार्यालयको कामकाजमा बाधा पर्ने हुनाले कार्यरत सम्पुर्ण कर्मचारी तथा स्वयम सेवक शिक्षकहरुको कामकाज सन्तोषजनक एवम् कार्यसम्पादन मूल्याङ्कनका आधारमा मितिः २०८२।१०।०१ देखि लागु हुन २०८३।०३।३१ (६ महिना) को लागी म्याद थप गरी करार सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ११ : प्रस्ताव नं ११ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतको लागि आवास सुविधा बापत मासिक १२ हजारभन्दा नबढ्ने गरी घरभाडा उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं १२ : खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय नं १२ : प्रस्ताव नं १२ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को आजको मिति सम्म भएको सम्पूर्ण खर्चहरु मितव्ययी हेराले कानुनको परिधि भित्र रहि खर्च गरेको हुनाले सहि रहेको भनी विशेष सभाको बैठकबाट अनुमोदन गर्ने निर्णय सर्वसहम्मतिले पारित गरियो।